# हरिवन नगरपालिका
# ईट्टा उद्योग सञ्चालन सिफारिस कार्यविधि, २०७६

कार्यपालिकाबाट स्वीकृत :: २०७६।६।५

हरिवन नगरपालिका
सर्लाही
प्रदेश नं.२, नेपाल

# ईट्टा उद्योग सञ्चालन सिफारिस कार्यविधि, २०७६

<u>प्रस्तावनाः</u>

नगरको विभिन्न स्थानमा संचालित र अगामी दिनमा स्थापना हुने ईट्टा उद्योगको लागि सिफारीस तथा नियमन गर्ने सम्बन्धमा कार्यविधि व्यवस्था गर्न वाञ्छनीय भएकोले,
हरिवन नगरपालिका नगरसभाले यो कार्यविधि पारित गरि लागू गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **ईट्टा उद्योग सञ्चालन सिफारिस कार्यविधि, २०७६** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "प्रमुख" भन्नाले हरिवन नगरपालिकाको प्रमुख सम्झनुपर्छ।

(ख) "उपप्रमुख" भन्नाले हरिवन नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ।

(ग) "वडा अध्यक्ष" भन्नाले हरिवन नगरपालिका अन्तर्गतको वडाका प्रमुख सम्झनुपर्छ।

(घ) "महिला सदस्य" भन्नाले हरिवन नगरकार्यपालिकाको सदस्य सम्झनुपर्छ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हरिवन नगरपालिका कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(च) "अधिकृत" भन्नाले हरिवन नगरपालिकाको अधिकृत स्तरको कर्मचारी सम्झनुपर्छ।

(छ) "नगरपालिका" भन्नाले हरिवन नगरपालिका सम्झनुपर्छ।

(ज) "वडा" भन्नाले हरिवन नगरपालिका अन्तर्गतका वडा कार्यालय सम्झनुपर्छ।

(झ) "कार्यालय" भन्नाले हरिवन नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

## परिच्छेद २
## उद्देश्य, मापदण्ड

**३. उद्देश्य : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन् :**

क) नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका र अगामी दिनमा सञ्चालन हुने ईट्टा उद्योग व्यवस्थापन गर्ने।

ख) सम्पुर्ण उद्योगहरुलाई करको दायरामा समावेश गर्ने।

ग) ईट्टा उद्योगवाट हुने वातावरणिय प्रभावको रोकथाम गर्ने।

गणेश प्रसाद प्रसाई
नगर प्रमुख

३ (क) ईट्टा उद्योग दर्ता सिफारीस मापदण्ड देहाय बमोजिम रहेका छन् :

क) नेपाल सरकार, प्रदेश सरकार वा नगरपिलकावाट इट्टा उद्योग स्थापनाकोलागि बन्देज लगाईएको क्षेत्र भित्र नरहेको।

ख) प्रस्तावित ईट्टा उद्योगले आधुनिक प्रविधि Vertical Shaft Brick Kiln वा Fixed Chyimney वा Tunnel Klin को प्रयोग गरेको हुनुपर्ने।

ग) वार्षिक २ करोड गोटा भन्दा बढी ईट्टा उत्पादन गर्नेले वातावरणिय प्रभाव मूल्यांकन ( EIA) गरेको हुनुपर्ने र २ करोड भन्दा कम उत्पादन गर्नेले प्रारम्भिक वातावरण परिक्षण (IEE) गर्नुपर्ने।

घ) एक वडाको सिमाभित्र दुई भन्दा बढी ईट्टा उद्योग नभएको।

तर विना इजाजत सञ्चालनमा रहेका ईट्टा उद्योगलाई प्रदुषण नियन्त्रणको लागि रुख रोप्ने तथा बाटो ममर्त संभार जस्ता शर्तहरु राखि सिफारिस गर्न सकिनेछ।

ङ)......... वडाहरुमा ईट्टा उद्योग संञ्चालन सिफारिस नदिईने।

च) उद्योगीले नयां प्रविधिमा आधारित ईट्टा उद्योग संचालनको लागि नयां प्रविधिको ईट्टा भट्टाको केन्द्र विन्दुवाट कम्तिमा ३०० फिटको रेडियस पुग्ने तथा VSBK को हकमा १५० फिट भए पुग्ने र जग्गा आफ्नै स्वामित्वमा भएको प्रमाण पेश गर्नु पर्ने। सो नभएमा सो वरावरको जग्गाको कित्ता नम्वर उल्लेख गरी कम्तिमा ५ वर्षको लागि भाडामा लिएको प्रमाण पेश गर्नु पर्ने।

छ) उद्योग स्थल घनावस्तीवाट ५ कि. मि. टाढा हुनु पर्ने तर VSBK को हकमा ३ कि. मि. भए पुग्ने।

ज) उद्योग संचालन अघि माटो कटान योजना तथा Reclamiation योजना पेश गर्नुपर्ने।

झ) Emission Standard for Suspended Particular Matter उद्योगको लागि ७०० Mg/Nm3 हुनुपर्ने।

ञ) जग्गाको चौतर्फी सांध सधियारको सहमति सहित सर्जमिन मुचुल्का पेश गर्नुपर्ने।

ट)जमिनको सांध सिमाना स्पष्ट रुपमा राखिएको हुनुपर्ने।

ठ) प्रति वर्ष २५०० रुख विरुवा रोप्ने प्रतिवद्धता पत्र पेश गर्नुपर्ने।

ड) उद्योग स्थापना गर्न खोजिएको जग्गा वा क्षेत्र सिंचित क्षेत्र नभएको हुनुपर्ने।

ढ) उद्योग मुल सडकवाट नदेखिने ठाउंमा हुनुपर्ने।

गणेश प्रसाद प्रसाई
नगर प्रमुख

## परिच्छेद ३
## सिफारिस समिति

**(४) ईट्टा उद्योग सञ्चालन सिफारिस समिति देहाय बमोजिम हुनेछ :**

| | |
|---|---|
| क) नगर उपप्रमुख | संयोजक |
| ख) नगरपालिकाको सदस्य मध्येवाट नगर कार्यपालिकाले तोकेको एक जना महिला सदस्य सहित दुई जना | सदस्य |
| ग) वडा अध्यक्षहरु मध्येवाट नगर प्रमुखले तोकेको दुईजना वडा अध्यक्ष | सदस्य |
| घ) सम्वन्धित वडाका वडा अध्यक्ष | सदस्य |
| ङ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी | सदस्य सचिव |

**(४) (क) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहने छ ।**

क) ईट्टा उद्योगसंग सम्वन्धित विषयमा आवश्यक अनुसन्धान गर्ने ।

ख) नगरक्षेत्रमा संचालन हुने उद्योगको वातावरणिय मुल्यांकन गर्ने ।

ग) पुराना सञ्चालनमा रहेका उद्योगलाई करको दायरामा ल्याउने र ती उद्योगहरुको नियमन गर्ने ।

घ) विधिवत रुपमा दर्ता भएका ईटा उद्योग सञ्चालनको सिलसिलामा अपनाईने कुनै पनि समस्या निराकरण गर्ने ।

ङ) ईट्टा उद्योग सञ्चालन अनुमति सिफारिस माग भएका उद्योगलाई सञ्चालन सिफारिस गर्न उपयुक्त छ / छैन सो को प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्ने ।

## परिच्छेद ४
## ईटा उद्योगीको दायित्व

**५) हरिवन नगरमा संचालित तथा अव उपरान्त स्थापना हुने ईट्टा उद्योगिहरुको दायित्व देहाय वमोजिम रहने छन् ।**

क) उद्योग संचालन पूर्व नगरपालिकावाट निरिक्षण गराउनु पर्ने ।

ख) वन पैदावारमा आधारित काठ दाउरा पतकर वातावरण प्रदुषण गर्ने टायर आदि प्रयोग नगर्ने ।

ग) नेपाल सरकार तथा प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गरी धुंवाको मापदण्ड निर्धारण गरेको खण्डमा सो मापदण्ड अनुसार हुने गरी भट्टा संचालन गर्नुपर्ने ।

घ) सार्वजनिक स्थल जस्तै बाटो बिजुलीको खम्वा भारा पाईप ढल पाटी पौंवा इनार र कुवा तथा अन्य स्थलहरुको संरक्षण हुनुपर्ने ।

ङ) जमिनको स्वरुप विग्रने गरि भट्टा संचालन नगर्ने ।

च) माटो उत्खननको कार्य समाप्त भएपछि जग्गामा सिंचाई सुविधा पुग्नुपर्ने ।
छ) कार्यविधी लागु भएपछि सम्पुर्ण उद्योगीहरुले नगरपालिकामा विवरण पेश गर्नुपर्ने ।
ज) पुरानो प्रविधिवाट उत्पादन गर्ने ईट्टा उद्योगहरुले हाल नेपाल सरकारवाट तोकिएको मापदण्ड अनुसारको चिमनी व्यवस्थापन गर्नुपर्ने ।

## परिच्छेद ५
## दस्तुर

(६) **दस्तुर तिर्नु पर्ने**: (१) इट्टा उद्योग सञ्चालन गर्ने संस्था वा व्यक्तिले नगर सभाले तोके बमोजिम शुल्क तिर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम शुल्क बुझाउँदा सम्बन्धित संस्था वा व्यक्तिले सो आर्थिक वर्षको ईट्टा खरिद विक्रीको वार्षिक विवरण समेत पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम शुल्क नबुझाउने वा उपनियम (२) बमोजिम वार्षिक विवरण पेश नगर्ने संस्था वा व्यक्तिका सम्बन्धमा नगरपालिकाले देहाय बमोजिम गर्न सक्नेछः–

(क) विक्री वितरणमा रोक लगाउने

(ख) कालो सुचीमा राख्ने

## परिच्छेद ५
## विविध

**७) उपसमिति गठन गर्न सक्ने:** (१) यस कार्यविधि बमोजिम गठीत समितिलेआफ्नो कार्य सञ्चालनको लागि आवश्यक्ता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।
(२) नियम ७ (१) बमोजिम गठन भएको उपसमितिको काम कर्तव्य अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

**८) प्रचलित कानुन वमोजिम हुने :** यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुनेछ ।
**९) संशोधन परिमार्जन तथा खारेजी :** यस कार्यविधिको हरिवन नगर कार्यपालिकाले आवश्यक्ता अनुसार संशोधन, परिमार्जन तथा खारेजी गर्न सक्नेछ ।

मनोज प्रसाद प्रसाद
नगर प्रमुख